
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३३२ पृष्ठ ८ | काठमाडौं, मंगलबार २६ चैत २०८१ | चैत्र शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४५ | TUESDAY, APRIL 8, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# सामाजिक संस्था भनेर सहयोग ल्याउँदै, प्राइभेट कम्पनी चलाउँदै

**कोपिला भ्याली सेवा समाज सुर्खेतले गैरकानुनी रूपमा निजी कम्पनीमा लगानी गर्दै आएको खुलेको छ। अमेरिकी चन्दादाताबाट संकलित रकम बिलंक नाउ फाउन्डेसनमार्फत संस्थाका संस्थापक अध्यक्ष टोपबहादुर मल्लका नामको निजी कम्पनीमार्फत सञ्चालित कोपिला भ्याली स्कुल प्रालिमा लगानी हुँदै आएको पाइएको हो। सीएनएन हिरो अवार्डले सम्मानित अमेरिकी नागरिक म्यागी डोयन र कोपिला भ्याली सेवा समाजका संस्थापक अध्यक्ष मल्लको मिलोमतोमा बदनियतपूर्ण तरिकाले दाताको दानको दुरुपयोग गरिएको खुलेको हो। यसबाट आवरणमा समाज सेवा देखाएर भित्री रूपमा हुने कु-कर्मको पर्दाफास भएको छ।**

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

– को रिपोर्ट

समाचार पृष्ठ २

## भारत नेपालमा गणतन्त्रकै निरन्तरता चाहन्छ : देउवा



**काठमाडौं** (अन्नपूर्ण) : नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपालमा राजसंस्था पुन:र्स्थापनाका लागि भारतको भूमिका रहेको भन्ने कुरा हल्लामात्र भएको बताएका छन्।

भारतको उत्तरप्रदेशका मुख्यमन्त्री एवं सत्तारुढ भाजपा नेता योगी आदित्यनाथले पनि नेपालमा राजसंस्था पुन:स्थापनामा आफ्नो कुनै संलग्नता नरहेको स्वीकार गरेको देउवाको भनाइ छ। गणेशमान सिंह फाउन्डेसनले सोमबार काठमाडौंमा आयोजना गरेको ‘नेपाल-भारत सम्बन्ध सुदृढ गर्न भारतका पूर्वप्रधानमन्त्री चन्द्रशेखरले पुऱ्याउनुभएको योगदान’ विषयक गोष्ठीमा सभापति देउवाले यस्तो नेपालमा राजसंस्थाको पक्षमा भारत नभएको बताएका हुन्।

कार्यक्रममा बोल्दै सभापति देउवाले नेपालमा उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको फोटो राखेर गरिएको चर्चाको कुनै अर्थ नभएको र उक्त कुरामा आदित्यनाथको कुनै चासो नभएको बताउँदै उनले भने, ‘चन्द्रशेखरले नेपालमा प्रजातन्त्र स्थापना गर्नका लागि धेरै ठूलो सहयोग गर्नुभएको छ, ठूलो योगदान छ। उबेला भारतले नेपालमा कहिल्यै प्रजातन्त्र चाहँदैन भन्ने थियो। चन्द्रशेखरजी आएपछि प्रजातन्त्रको खिलापमा छैन भारत भन्ने पुष्टि भयो। त्यसपछि त हामीले ठूलो आन्दोलन गरेर गणतन्त्र समेत ल्यायौं।


अहिले फेरि राजसंस्था पुन:स्थापनाको लागि भारतले उचाल्यो भन्ने हल्ला पनि छ। यहाँ आदित्यनाथको फोटोसमेत छापियो। तर, मलाई के थाहा छ भने आदित्यनाथजीले भारतमा जुन हाम्रो दूतावास छ त्यहाँ गएर मेरो कुनै हात छैन, नेपाली जनताले जे चाह्यो त्यही हुन्छ, म राजा ल्याउने पक्षमा छैन भनेर आफैंले भन्नुभएको छ। त्यस कुराले हामीलाई के लागेको छ भने भारत नेपालसित छ, गणतन्त्रसित छ, प्रजातन्त्रसित छ।’

# ट्रम्पको भन्सार नीतिले विश्व सेयर बजारमा पहिरो

**ममता थापा** | *काठमाडौं*

नेपालको सेयर बजार मात्रै प्राय: राजनीतिक र आर्थिक नीतिगत व्यवस्था लगायतका परिवर्तनले उथलपुथल हुनु स्वाभाविक बनेको छ। यतिबेला विश्वकै शक्तिशाली देश अमेरिकाले अन्तर्राष्ट्रिय व्यापारमा थप भन्सार दर न्यूनतम (आधार दर) १० प्रतिशतदेखि अधिकतम ५० प्रतिशतसम्म निर्धारण गरेपछिको कदमको असर विश्वव्यापी सेयर बजारमा समेत पर्न गएको छ। भन्सार वृद्धिलाई ‘अर्थतन्त्र बनाउने औषधि’को संज्ञा दिँदै राष्ट्रपति ट्रम्पले गरेको टिप्पणीले केही घण्टामै अमेरिका, जापान, हङकङलगायतको सेयर बजार ह्वात्तै घटेको छ। आइतबार राति एयर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले ‘कहिलेकाहीं केही ठीक गर्न औषधि खानुपर्छ’ भनेको एजेन्सीले उल्लेख गरेको छ।

उनले यो नीतिले रोजगारीसँगै लगानी अमेरिकामा फर्किने र अहिलेसम्म नभएको धनी मुलुक बनाउने उल्लेख गरेका थिए। यससँगै ट्रम्पका शीर्ष अधिकारीहरूले भनेअनुसार गत



साता घोषणा गरिएका भन्सार शुल्कहरू अब योजनाअनुसार लागू गरिने जनाइएको छ।

ट्रम्पको टिप्पणीको केही घण्टापछि सोमबार बिहान एसियाली मुलुकको सेयर बजारमा गिरावट आयो। उक्त दिन जापानको निक्केई २२५ अंक अर्थात् ७.८ प्रतिशतले घट्यो। यसैगरी, हङकङको ह्याङ सेङले १२ प्रतिशतभन्दा बढी गुमायो। शुक्रबार, अमेरिकाका तीनवटै प्रमुख स्टक सूचकांक ५ प्रतिशतभन्दा बढीले घट्यो।

यो अमेरिकी स्टक बजारका लागि सबैभन्दा खराब साता बन्यो। यता साउदी अरेबियाको स्टक एक्सचेन्ज आइतबार लगभग ७ प्रतिशतले घटेर समाप्त भयो। जुन महामारी पछिको सबैभन्दा ठूलो दैनिक घाटा व्यहोर्नुपरेको अवस्था बनेको सम्बद्ध सरकारी स्वामित्वको मिडियाले जनाएका छन्।

अमेरिकी स्टक मार्केट नास्डाक शुक्रबार एकै दिन ५.८ प्रतिशत घट्यो। विगत एक महिनामा यो सूचक १५.९८ प्रतिशत घटिसकेको छ। करिब डेढ महिनामा यो २२ प्रतिशत घटिसकेको छ।

यस्तै, रोयटर्सका अनुसार माइक्रोसफ्ट, गुगल, मेटा, अमेजन, एप्पल, टेस्लाजस्ता ठूला टेक कम्पनी सूचीकृत रहेको नास्डाक इन्डेक्समा आएको गिरावटले ‘बियरिस’ पुष्टि गरेको छ। ‘१९ फेब्रुअरीमा २० हजार नाघेको नास्डाक शुक्रबार १५ हजार ५८७ मा झरेको छ। नास्डाकमात्र नभई सक्रिय ठूला कम्पनीलाई प्रतिनिधित्व गर्ने डाओ जोन्स विगत एक महिनामा ९.८९ प्रतिशत झरेको छ। ४ मार्चमा ४२ हजार ५६१ अंकमा रहेको यो इन्डेक्स हाल ३८ हजार ३१४ मा सीमित छ,’ रोयटर्समा भनिएको छ।

» बाँकी पृष्ठ ६

## हुम्लाको नाम्खामा भेटिए ३९ हिउँचितुवा

**नरजन तामाङ** | *हुम्ला*

हुम्लाको उत्तरी नाम्खा गाउँपालिकामा ३९ वटा दुर्लभ लोपोन्मुख हिउँचितुवा रहेको पाइएको छ। उकाली तथा तेस्रो ध्रुव संरक्षण र डिभिजन वन कार्यालय हुम्लाको समन्वयमा भएको सर्वेक्षणमा ३९ वटा हिउँचितुवा रहेको पाइएको हो। सन् २०२२ देखि २०२३ सम्म उक्त क्षेत्रमा सर्वेक्षण गरिएको थियो।

क्यामेरा ट्र्यापिङ प्रविधिको प्रयोग गरेर सर्वेक्षण गरिएको उकाली तथा तेस्रो ध्रुव संरक्षण अनुसन्धानकर्ता प्रमुख तथा रोयलेक्स अवार्डका विजेता रिञ्जिन फुन्जोक लामाले जानकारी दिए। नाम्खा गाउँपालिकाभर ६१ वटा क्यामेरा ट्र्याप प्रयोग गरी सर्वेक्षण गरिएको हिउँचितुवा अनुसन्धानकर्ता लामाले बताए। यो संरक्षित क्षेत्र बाहिर गरिएको पहिलो सर्वेक्षण हो।

अनुसन्धानकर्ता लामाका अनुसार नेपाल सरकारले २०२४ देखि २०३० सम्म हिउँचितुवाको गणना तथा संरक्षणलाई उच्च प्राथमिकतामा राखेको छ। यस अध्ययनले अभियानलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ।

» बाँकी पृष्ठ ६

# ...अनि शिक्षक जुटे आन्दोलनमा

**राजेन्द्र कार्की** | *जाजरकोट*
**भवानी खड्का** | *दोलखा*

आफ्ना मागहरू पूरा गराउन सरकारलाई दबाब दिने उद्देश्यले देशभरका शिक्षकहरू काठमाडौं केन्द्रित आन्दोलनमा छन्। शिक्षक कर्मचारीमैत्री विद्यालय शिक्षा ऐन जारीको माग गर्दै उनीहरू ६ दिनदेखि सडकमा प्रदर्शन गर्दै आएका छन्। विद्यालय तहको परीक्षा सकाएर देशभरका शिक्षकहरू काठमाडौंमा भेला भई प्रदर्शनमा उत्रिएका हुन्। माग पूरा नभएसम्म विद्यालय नफर्कने उनीहरूको चेतावनी छ।

विभिन्न प्रकारका अस्थायी शिक्षकलाई प्रक्रिया पुऱ्याएर स्थायी गर्नुपर्ने, विद्यालयमा कर्मचारीको दरबन्दी सिर्जना गर्नुपर्ने, प्रारम्भिक बाल शिक्षालाई विद्यालयको दायरामा ल्याउनुपर्ने, कक्षा १२ सम्मको शिक्षा नि:शुल्क हुनुपर्ने, शिक्षकको अस्थायी अवधी जोडी पेन्सनको व्यवस्था गर्नुपर्ने शिक्षकहरूको माग छ।

त्यस्तै शिक्षकको तलब र ग्रेड निजामती सरह बनाउनुपर्ने, शिक्षक दरबन्दी संघ सरकारअन्तर्गत राखिनुपर्ने, आवधिक बढुवा प्रणाली हुनुपर्ने, सरुवा र कार्यसम्पादन मूल्यांकन जिल्ला शिक्षा कार्यालयमार्फत हुनुपर्ने लगायतका माग राखेर शिक्षकहरू आन्दोलित भएका हुन्।



‘विगतमा भएका सम्झौता कार्यान्वयन गर’, ‘शिक्षा ऐन जारी गर,’ हाम्रो माग पूरा गर’, ‘शिक्षक पेसालाई सम्मान गर’, लगायतका नारा लगाउँदै शिक्षकहरूले काठमाडौंमा दिनहुँ प्रदर्शन गरिरहेका छन्। नेपाल शिक्षक महासंघको अगुवाइमा भएको आन्दोलन आइतबारदेखि आमहड्तालमा परिणत भएको हो। शिक्षकहरूले आइतबारदेखि विद्यालयका उत्तरपुस्तिका परीक्षण, तालिम, गोष्ठी, सेमिनार, भ्रमणलगायतका कुनै पनि कार्यक्रम नगर्ने जनाएका हुन्।

विद्यालयका सबै काम बन्द गरेर काठमाडौं केन्द्रित आन्दोलनमा सरिक हुन सबै शिक्षक कर्मचारीलाई महासंघले अपिल गरेको छ। यो अवधिमा ‘उत्तर पुस्तिका परीक्षण, नतिजा प्रकाशन, तालिम गोष्ठी, सेमिनार, शैक्षिक भ्रमण जस्ता कुनै पनि काममा संलग्न नहुन सबै साथीहरूमा जोडदार आग्रह गर्दछौं,’ महासंघले आइतबार जारी गरेको विज्ञप्तिमा भनिएको छ,’ यो आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गरी दिनुहुन विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिलगायत सबै शैक्षिक सरोकार पक्षसँग आग्रह गर्दछौं।’

यसअघि नै उनीहरूले एसईईका कापी परीक्षण नगर्ने घोषणा गरिसकेका छन्। दोस्रो चरणको आन्दोलनका कार्यक्रमअन्तर्गत महासंघले विद्यालय शिक्षा ऐन जारी गर्न दबाब दिने भन्दै प्रमुख राजनीतिक दलका पार्टी कार्यालयमा धर्ना दिएको थियो। तर, सदनको हिउँदे अधिवेशनबाट पनि विद्यालय शिक्षा विधेयक अघि बढ्न नसकेपछि अनिश्चितकालीन काठमाडौं केन्द्रित सडक आन्दोलन सुरु गरेको नेपाल शिक्षक महासंघले जनाएको छ।

यसअघि सरकार र शिक्षक महासंघबीच २०८० साल असोज ५ र १२ गते भएको सहमतिका आधारमा विद्यालय शिक्षा विधेयक पारित गर्नुपर्ने शिक्षक महासंघका महासचिव तुलाबहादुर थापाको भनाइ छ। आफ्ना मागहरू पूरा नभए शिक्षकहरू विद्यालय नफर्कने र आन्दोलन थप सशक्त बनाउने थापाको चेतावनी छ।

» बाँकी पृष्ठ ६

### शिक्षकका मागबारे प्रधानमन्त्रीद्वारा मन्त्री र सचिवहरूसँग छलफल

**काठमाडौं** : प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षक समुदायका माग र आन्दोलनका सम्बन्धमा सोमबार सम्बन्धित मन्त्री र सचिवहरूसँग छलफल गरेका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, मुख्यसचिव एकनारायण अर्याल र सम्बन्धित मन्त्रालयका सचिवसँगको छलफलमा थप गृहकार्य गरी वार्ताबाट समस्याको समाधान गर्नुपर्नेमा जोड दिइएको छ।

छलफलमा शिक्षा मन्त्रालयका तर्फबाट नेपाल शिक्षक महासंघको आहानमा काठमाडौंमा जारी आन्दोलनमा उठाइएका मागबारे अवगत गराइएको थियो।